प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुरको

**डिप्लोमा इन बायोमेडिकल इक्यूप्मेण्ट इन्जिनियरिङ्ग कार्यक्रम प्रथम बर्ष प्रथम खण्ड र प्रथम बर्ष दोश्रो खण्ड नियमित/आंशिक परीक्षाको आवेदन फाराम भर्ने बारेको अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशित मिति २०८०।०१।२५)

यस परिषद्बाट सम्वन्धन/स्वीकृति प्राप्त राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र, टेकुमा संचालित सेमेष्टर परीक्षा प्रणालीको डिप्लोमा इन बायोमेडिकल इक्यूप्मेण्ट इन्जिनियरिङ्ग कार्यक्रम प्रथम बर्ष प्रथम खण्ड र प्रथम बर्ष दोश्रो खण्ड नियमित/आंशिक परीक्षा **२०८० जेष्ठ** महिनामा संचालन हुने भएकोले परीक्षार्थीहरुले परीक्षा आवेदन फाराम भरी बुझाउनका लागि २०८०।०२।०३ गते बुधबार भित्र नियमित शुल्क र २०८०।०२।०७ गते आईतबार भित्र बिलम्ब शुल्कको म्याद तोकिएको हुंदा सम्वन्धित शिक्षालयहरुले अनिवार्य रुपमा विद्यार्थीहरुबाट परीक्षा आवेदन फाराम भराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:**

१. शिक्षालयले शैक्षिक सत्र २०७७/०७८ (ई.सं २०१९) देखि ITMS Online बाट रजिष्ट्रेशन भएका सम्पुर्ण कार्यक्रमका परीक्षार्थीहरुको नियमित/आंशिक परीक्षा आवेदन फाराम ITMS Online बाट **नियमितका लागि सेतो र आंशिकका लागि पहेंलो A4 साइजको कागजमा** प्रिन्ट गरी परीक्षार्थीहरुलाई बितरण गर्नुपर्नेछ ।

२. सेमेष्टर प्रणाली तर्फ परीक्षा शुल्क रु. २,०००।- तथा बिलम्ब शुल्कमा प्रति प्रशिक्षार्थी नियमित परीक्षा शुल्कको दोब्बर दस्तूर बुझाउनु पर्नेछ । साथै नियमित शुल्कको समय भित्र Web Based ITMS Online System मा फाराम Entry नगरेमा विलम्व शुल्क समेत लाग्नेछ ।

३. आंशिक परीक्षार्थीको हकमा सैद्धान्तिक वा प्रयोगात्मक एक विषयको लागि परीक्षा शुल्क रु. ३००।- र सो पश्चात प्रति सैद्धान्तिक वा प्रयोगात्मक थप विषयको लागि रु. १५०।- का दरले नियमित शुल्कमा र बिलम्व शुल्क प्रति परीक्षार्थी तोकिएको शुल्कको दोब्बर दस्तुर बुझाउनु पर्नेछ ।

४. सम्वन्धित शिक्षालयहरुले परीक्षा आवेदन फाराम बुझाउंदा बिषयगत नियमित तथा आंशिक एवं नयां तथा पुरानो पाठयक्रमको छुट्टाछुट्टै फाइल खडा गरी शुल्क बुझाएको रसिद संलग्न गरी परिषद्का प्रदेश कार्यालयहरुमा तोकिएको मिति भित्र दर्ता गर्नुपर्नेछ ।

५. सम्वन्धित शिक्षालयले परीक्षा आवेदन फाराम शुल्क वापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मिति तथा बिलम्व शुल्क बुझाउने अन्तिम मितिको भोलिपल्ट अनिवार्य रुपमा सम्बन्धित प्रदेश कार्यालयको बैंक खातामा रकम बुझाउनु पर्नेछ र मिति २०८०।०२।०९ गते भित्र नियमित तथा विलम्व परीक्षा आवेदन फाराम एकै साथ सम्वन्धित परिषद्, प्रदेश कार्यालयमा बुझाउनु पर्नेछ ।

६. नियमित तर्फका जेहेन्दार तथा वर्गीकृत (निःशुल्क) छात्रवृति प्राप्त परीक्षार्थीहरुलाई परीक्षा शुल्क लाग्ने छैन ।

७. आंशिक परीक्षार्थीको हकमा शैक्षिक शत्र २०७७ (ई. सं. २०१९) मा भर्ना भई रजिष्ट्रेशन भएका प्रशिक्षार्थीहरुले मात्र परीक्षा आवेदन फाराम भर्न पाउने छन ।

८. नियमित तर्फका परीक्षार्थीहरुको परीक्षा आवेदन फारामहरु Web Based ITMS Online System मा Entry गरी समष्टिगत फारामको क्रमअनुसार मिलाई कार्यक्रम अनुसारको समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ ।

९. आंशिक तर्फ शैक्षिक शत्र २०७७ (ई. सं. २०१९) देखि भर्ना भई रजिष्ट्रेशन भएका आवेदन फारामहरु Web Based ITMS Online System मा Entry गरी समष्टिगत फारामको क्रम अनुसार मिलाई कार्यक्रम अनुसारको समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ ।

१०. सेमेष्टर परीक्षा प्रणालीका नियमित बिषयहरुको आन्तरिक मूल्यांकनको प्राप्तांक Web Based Online System मा Entry गरी प्रमाणित एक प्रति (Printed Copy) मा सही छाप गरी अनिवार्य रुपमा फाईलिङ्ग गरी पेश गर्नुपर्नेछ । Entry गरी सकेका आन्तरिक मूल्यांकनको प्राप्तांक पछि परिवर्तन हुने छैन ।

११. आंशिक परीक्षार्थीहरुको हकमा आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरुको मात्र आन्तरिक मूल्यांकनको प्राप्तांक परीक्षा फाराममा तथा Web Based Online System मा Entry गरी एक प्रति प्रिन्ट गरी सही छाप गरी बुझाउनु पर्नेछ ।

१२. आन्तरिक मूल्यांकन परीक्षामा उत्तीर्ण परीक्षार्थीहरुमात्र अन्तिम परीक्षामा सामेल हुन पाउने छन् । आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरुले अनुत्तीर्ण विषय उल्लेख गरी परीक्षामा सामेल भएमा निजको सो विषयको परीक्षा स्वतः रद्द हुनेछ ।

१३. शिक्षालयले प्रा.शि.व्या.ता.परिषद्, बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौडाको रा.बा.बैङ्क, हेटौंडा शाखा, च.हि.नं. १३००१००००३६६९००१ मा परीक्षा शुल्क जम्मा गरेको सकल भौचर परीक्षा आवेदन फाराम साथ संलग्न गर्नु पर्नेछ ।

**परीक्षा नियन्त्रक**